
まんがでわかる

नेपाली संस्करण
ネパール語版

# 自動車整備業の安全衛生

कमिकको साथ बुझ्नुहोस्
गाडी मर्मत उद्योगमा हाम्रो स्वास्थ्य र सुरक्षा बारे।









## व्यावसायिक दुर्घटनाहरूको सङ्ख्या

| | | |
|---|---|---|
| १ | क्र्यास / गिरावटबाट | ११० जना |
| २ | च्याप्पिएर / फसेर | १०२ जना |
| ३ | लडेर | ७९ जना |
| ४ | उछिट्टिएर / झरेर | ५६ जना |
| ५ | झुक्किएर, जबर्जस्ति | ५४ जना |

सन्दर्भ: केन्द्रीय व्यावसायिक दुर्घटना रोकथाम संघ
“व्यावसायिक दुर्घटना विश्लेषण डेटा अटोमोबाईल मर्मत सम्भार व्यवसाय “ (अद्यावधिक अगस्त २०१९ )


त्यही त।
उदाहरणको लागी "च्याप्पिएर / फसेर" दुर्घटना हुने केस मा
गाडि मुनिको भागमा निरीक्षण गरिराखेको बेला, अर्को मेकानिकले लिफ्टलाई तल झार्दा खुट्टा प्लेटको बीचमा च्यापेर,
इन्जिन जाँच गरिरहेको बेलामा अर्को मेकानिकले याद नगरि अचानक गाडि चलाउदा इन्जिन जाँच गरिरहेको मेकानिकको हात इन्जिनको घुमाउनेमा (फ्यान बेल्ट) परेर पनि दुर्घटना हुने गर्छ।
गाडि मर्मत गर्ने काम एकदम जटिल हुने भएकोले पनि गम्भीर दुर्घटना हुन सक्छ।
दुर्घटना हुनुको कारण मेकानिकहरू बीच संचार कायम नराखेकोले हो।


सधैँ सँगै काम गरिरहेको त हो नि भन्ने सोचले गर्दा हो कि ।
त्यो पनि हुनसक्छ तर सुरक्षित रूपमा काम गर्न आफूले के काम गरिरहेको छ भनेर एकअर्कालाई भन्नु एकदम महत्त्वपूर्ण छ।
त्यस्तो पो।
हा हा हा
तर हरेक चोटि रिपोर्ट गर्नुपर्दा त दिक्क लाग्न सक्छ ..
हँ ?
काम गर्दा अलिकति पनि फरक महसुसभएमा रिपोर्ट गर्नु अत्यन्त जरुरी छ है।
हस् !


अनि कार्यक्षेत्रमा सजिलै आगो लाग्न सक्ने पार्ट्स क्लीनर अथवा पेट्रोलको प्रयोग हुन्छ, साथै
パーツクリーナー
धेरै तातो र जोखिमपूर्ण इन्जिन जाँच गर्नुपर्ने हुन्छ त्यसैले सधैँ होशियार हुनुपर्छ ।
विशेष गरी आगोले ठूलो दुर्घटना निम्त्याउन सक्ने भएकोले खतरनाक छ।
त्यसैले सुरक्षित रुपमा काम गर्नको लागि
नियमहरू द्वारा निर्धारित वस्तुहरू तयार गरिदिएको हुन्छ।
सहि तरिकाले लागाएपछि मात्र काम सुरु गर्नुहोस्।


”क्र्यास, गिरावट”-मा कस्ता खालका दुर्घटनाहरू हुन्छन ?
निरीक्षण कार्य गरिरहेको मेकानिकले
ओर्लिने क्रममा झुक्किएर खसेको केस पनि थियो।
खतरा... !
त्यसो भए, वास्तविक साइट
カチッ…
ガーッ
おっ
ओ
एकछिन
चियाएर हेरौं कि?
1
ジジ…

केस १:

## च्यापिएर, उच्च-तापमान वस्तुहरूको लागि सावधानी

(इन्जिन निरीक्षणको काम, इन्जिन रुम)







आत्था !!!!
के भयो?
चिसो पार्ने पानी अझै तातै रहेछ…
रेडीएटर को बिर्को खोल्दा होसियार हुनुपर्छ है!
बाँकी मलाई गर्न देऊ ।
危険
NEVER OPEN WHEN HOT
CAUTION
यसमा लेखिराखेको छ त।
हजुर… गल्ती भयो…।
मैले के गरे…
धत्, झन् त्यस्तो भरोसा गरेर दिनुभएको काम.....
…होइन एकपटक फेरी राम्रोसँग सोचेर गर्न सकिने काम गरौँ ।


निकास ग्याँस निरीक्षण अहिले सम्म भएको छैन नि है...?
इन्जिन सुरु गरेर एकपटक जाँच गर्छु।
START STOP
ल त, तयार भयो!
फ्यान बेल्ट को काममा ध्यान दिईराखेको छ
इन्जिन सुरु गर्छु है!
होसियार हुनुस् है!
इन्जिन सुरू !
SWITCH ON!
ए ए…।
चल्यो?


अइया..
के भयो !?
अलिकतिले फ्यान बेल्टमा
हात नफसेको।
मसित बदला लिन खोजेको?
हैन हैन कहाँ हुनु त्यस्तो!
के भयो?


तातो पानी उछिट्टिएर कस्तो डर लाग्यो,
काम गर्दै गर्दा एक्कासी इन्जिन सुरु गरेर.....
भन्न त भनेको थिएँ...।
熱 तातो
इन्जिनलाई चिसो बनाउने पानी तातिएर उछिट्टिन्छ।
त्यसैले त्यो नसेलाउन्जेल एकछिन पर्ख ।
चलाउँछु है
動かします
OK!
意思疎通
संचार
भन्यो भन्दैमा भनेको कुरा सहि व्यक्तिसम्म पुग्यो भन्ने सोचेर तुरुन्तै
काम थालिहालनु हुँदैन
आफैले सोचेर गरेको एकदम राम्रो तर
नहडबडाई, राम्रो सँग काम गर्नुहोस्।
त्यसपछि उसले जे गर्दा पनि सतर्क साथ काम गर्न थाल्यो।

केस २:

## उछिट्टिने, झर्ने मा ध्यान दिनुहोस्

(सवारी निरीक्षण बेलाको काम, टायर वरिपरि अनि भूइँ वरिपरि अन्तर्गत)







छतबाट एयर नली
...तान त।
ठीक छ, अब
हुन्छ ...
हेर्दा हेर्दै सुक्छ...
प्याडमा
टासिएको धूलो
आँखा र मुखमा
छिर्‍यो !
टायर वरिपरि
अनि भुइँ
वरिपरिको मर्मत
सकियो।
अरे?
नयाँ भाइलाई
के भयो ?
ऊ सँग
सुरक्षात्मक
चश्मा छैन त!
तुरुन्त
भनिदिएन
भने त..


ऐया या !
के भयो?
खै , के-मा पो हो
खुट्टा अल्झिएर...।
के-मा अल्झियो त...।
ए,
एयर नली...



मसँग के को बदला ?
माफ गर्नुहोस् ध्यानमग्न भाकोले थाह भएन...
एयर नलीमा प्राय खुट्टा अल्झिन सम्भावना हुन्छ।
वरिपरि हेरेर अरुहरूलाई पनि भनौँ।
OK!
म पनि कहिलेकाहीँ खुट्टा वरिपरि जाँच गर्न बिर्सिन्छु सतर्क हुनुपर्छ।
माफ पाउँ... !
ए ए ए ! मैले धेरै भनें कि क्या हो?
रुनपर्ने कुरा केहि थियो र...।
हैन, त्यस्तो हैन...।



एयर गनले उडाएको धूलो आँखामा छिरेर...
तिमी कस्तो झुक्क्याउने खालको मान्छे रहेछौ!
टायर वरिपरि अनि भुइँ वरिपरि काम गर्दा, ब्रेक ड्रमको स्प्रिङ्ग अनि धुलो उडेर आउन सक्छ
सुरक्षात्मक चश्मा प्रयोग गर्नै पर्छ।
コレだ!
यो हो !
अरे रे... योपनि भनेकै कुरा त हो नि।
के भयो ! अझै आँखा दुखिरहेको छ?
यो अफसोसको आँशु हो हजुर...।
तिमी कस्तो झुक्काउने मान्छे है !?
मैले पनि पहिला यसरी नै गालि खान्थें भनेर याद आयो।

केस ३:

# लिफ्टको काम

(सुरक्षित लिफ्टको प्रयोग)




अलिकति माथि उठाएर हल्लिन्छ कि हल्लिन्दैन जाँच गर्ने ।
सन्तुलन बिग्रिएको हुन सक्ने भएकोले होसियार हुनुहोस्।
अनि त्यसपछि त्यही अवस्थामा माथि उठाए सकिन्छ तर,
"गर्नै नहुने" कुरा पनि भनिहाल्छु ।
"एकापट्टीमात्र उठाउने" कदापी नगर्ने अगाडीको पाङ्ग्रा र पछाडिको पाङ्ग्रा सँगै उठाएन भने
डरलाग्दो...।
गाडि खस्न सक्छ वा लिफ्टमा बढी भार परेर बिग्रिन पनि सक्छ।
NG!
अनि अर्को कुराचाहिँ भूइंचालो आउँदा... सकेसम्म चाँडो त्यहाँ बाट निस्कने।

बढी हल्लायो भने गाडी पनि खस्न सक्छ।
केहि भयो भने परिवारलाई पीर पर्छ।
कार्यप्रमुख धेरै धेरै धन्यवाद!
ल त त्यसोभए, आजपनि दुई जनाले गाडीको निरीक्षण काम गर है।
ल त इन्जिन रूमको जाँच सकियो ।
लिफ्ट माथि उठाएर,
टायर वरिपरि अनि भुइँ वरिपरि चेक गर्छु।


एउटा मात्र चिज जाँच गर्न बिर्सिएमा गाडी खस्ने सम्भावना हुन्छ।
ध्यानपूर्वक काम गर्नुपर्छ।
एकदम राम्रो।
ल, राम्रोसँग सकियो…।
ON!
ए भाइ!
लिफ्ट बन्द गर!
अझै गाडि मुनि काम गरिरहेको छ!
Off!
हस् !


लगभग काम सकिएकोले ध्यान दिइन।
लिफ्ट तल झार्ने बेला अरू नै काम गरिरहेको छ कि भनेर सचेत गराऔँ।
तिमी पनि भुइँ वरिपरि काम गर्ने बेलामा ,
वारिपरिकोलाई आवाज दिनु जरुरी छ !
कार्यप्रमुख मैले बुझेको कुरा छ।
उसँग काम गर्दा कुनै दिन मरिन्छ ।
धेरै धेरै माफ पाउँ!
त्यसपछि, तिनीहरू दुइजना एकदम मिल्ने पार्टनर बने।







## गाडी मर्मत उद्योगमा होसियार हुनुपर्ने कुराहरू

### १ | पोलिनु



### २ | च्याप्पिनु, फस्नु







### ३ | उछिट्टिनु




### ४ | लड्ने, खस्ने










चित्रहरू र फोटोहरूबाट सिकौं


कार्यस्थलमा लुकिरहेको खतराहरूबारे !

# पछि हुनसक्ने खतरनाक अवस्थाबारे पहिले नै परिचित गराउने तालिम (KYT)


## Q कहाँ खतरा छ सोचेर हेरौं !



## A यहाँ खतराको चिन्ह छ!




१ लिफ्ट सहि तरिकाले प्रयोग गर्ने



२ लिफ्ट उचाल्नु अगाडी हल्लिएको छ कि छैन जाँच गर्ने



३ झर्दै गरेको लिफ्टबाट टाढा रहने



४ लिफ्टमाथि उचालेर राखेको गाडीमा नचढ्ने



**अन्य पनि खतराका संकेतहरु छन् कि छैनन् भन्ने बारेमा विचार गरौं।**

厚生労働省
Ministry of Health, Labour and Welfare

कमिकको साथ बुझ्नुहोस्

# गाडी मर्मत उद्योगमा हाम्रो स्वास्थ्य र सुरक्षा बारे।


सन् २०२० मार्चमा प्रकाशित

प्रकाशित: स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय

इन्तजाम: Mizuho Information & Research Institute, Inc.
पर्यवेक्षण: व्यावसायिक सुरक्षा र स्वास्थ्य शिक्षण सामग्री तयारी पदोन्नति समिति,
अटोमोबाइल मर्मत उद्योगको सुरक्षा शिक्षण सामग्री बनाउने कार्य
उत्पादन: Sideranch Inc.



यस कागजातको बारेमा सोधपुछ गर्नुपरेमा

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय श्रम मानदण्ड ब्युरो
सुरक्षा र स्वास्थ्य विभाग सुरक्षा विभाग